आज मिति २०८३।०३।०७ गते आइतबारका दिन विहानको ८:०० बजे लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री ध्रुव श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को तेरौं बैठक बसी विभिन्न प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | ध्रुव श्रेष्ठ | कार्यपालिका अध्यक्ष | |
| २ | सुभद्रा अधिकारी उप्रेती | कार्यपालिका उपाध्यक्ष | |
| ३ | नरहरि पाण्डे | वडा अध्यक्ष | |
| ४ | प्रेम बहादुर थापामगर | वडा अध्यक्ष | |
| ५ | सीताराम पुलामी मगर | वडा अध्यक्ष | |
| ६ | प्रकाश राई | वडा अध्यक्ष | |
| ७ | विश्व प्रसाद खतिवडा | वडा अध्यक्ष | |
| ८ | सुमन भण्डारी | वडा अध्यक्ष | |
| ९ | चम्फा राजभण्डारी | कार्यपालिका सदस्य | |
| १० | निकिसा राई | कार्यपालिका सदस्य | |
| ११ | मिना राई | कार्यपालिका सदस्य | |
| १२ | ज्ञानी रोक्का | कार्यपालिका सदस्य | |
| १३ | दिल कुमारी घले | कार्यपालिका सदस्य | |
| १४ | शुशील मिजार | कार्यपालिका सदस्य | |
| १५ | अशोक विष्ट | प्रमुख प्रशासकीय अधिकृत | |

**मिति २०८३ साल असार ७ गते आइतबार बसेको लिखु गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को तेहौं बैठकको निर्णयहरु**

<table>
<tr><th>निर्णय नं.</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>१</td><td>लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३।०२।२२ गते बसेको आ.व. २०८२/०८३ को बारौं बैठकको निर्णय कार्यान्वयन भएको पाइयो ।</td></tr>
<tr><td>२</td><td>लिखु गाउँपालिका, गाउँसभाको १८ औं अधिवेशनको कार्यसूची देहाय बमोजिक स्वीकृत गर्ने ।<br>गाउँसभाको १८ औं अधिवेशन<br>कार्यसूची<br>बैठक संख्या : १<br>मिति : २०८३।०३।०८<br>समय : विहान ११ बजे
<table>
<tr><th>क्र.सं.</th><th>विषय</th><th>प्रस्तुतकर्ता</th></tr>
<tr><td>१</td><td>लिखु गाउँपालिकाको आ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम</td><td>उपाध्यक्ष श्री सुभद्रा अधिकारी उप्रेती</td></tr>
</table>
बैठक संख्या : २<br>मिति : २०८३।०३।१०<br>समय : विहान ११ बजे
<table>
<tr><th>क्र.सं.</th><th>विषय</th><th>प्रस्तुतकर्ता</th></tr>
<tr><td>१</td><td>आ.व. २०८३/०८४ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट)</td><td>उपाध्यक्ष श्री सुभद्रा अधिकारी उप्रेती</td></tr>
<tr><td>२</td><td>लिखु गाउँपालिकाको आर्थिक विधेयक, २०८३</td><td>राजस्व परामर्श समिति सदस्य श्री नरहरि पाण्डे</td></tr>
<tr><td>३</td><td>लिखु गाउँपालिकाको विनियोजन विधेयक, २०८३</td><td>उपाध्यक्ष श्री सुभद्रा अधिकारी उप्रेती</td></tr>
<tr><td>४</td><td>न्यायिक समितिको वार्षिक प्रतिवेदन, २०८२/०८३</td><td>उपाध्यक्ष श्री सुभद्रा अधिकारी उप्रेती</td></tr>
<tr><td>५</td><td>लिखु गाउँपालिकाको आ.व. २०८१/०८२ को अन्तिम लेखापरीक्षण प्रतिवेदन</td><td>लेखा समिति संयोजक श्री महेश कुमार डंगोल</td></tr>
<tr><td>६</td><td>सुन्य समय</td><td></td></tr>
</table>
</td></tr>
<tr><td>३</td><td>लिखु गाउँपालिकाको आ.व. २०८१/८२ को लेखापरीक्षणको अन्तिम प्रतिवेदन आजको बैठकमा प्रस्तुत भयो । प्रतिवेदनमा औंल्याइएका बेरुजुहरु मध्ये अशुल उपर गर्नुपर्ने बेरुजु तत्काल अशुल उपरको लागि सम्बन्धितलाई पत्राचार गर्ने, नियमित गर्नुपर्ने/प्रमाण कागजात पेश गर्ने सम्बन्धी वेरुजुको हकमा आवश्यक प्रमाण जुटाइ फर्छोट गर्ने र पेश्की बेरुजुको हकमा तुरुन्त पेश्की फर्छोट गराउन कारबाही प्रकृया अगाडि बढाउने । साथै उक्त प्रतिवेदन सम्बन्धमा आवश्यक छलफलको लागि गाउँसभाको १८ औं अधिवेशनमा पेश गर्ने र सर्वसाधारणको जानकारीको लागि लिखु गाउँपालिकाको वेभसाइट मार्फत सार्वजनिक गर्ने ।</td></tr>
<tr><td>४</td><td>देहायका विषयगत समितिबाट आ-आफ्नो समितिको प्रतिवेदन आजको बैठकमा प्रस्तुत भयो । विषयगत समितिको बैठक कम्तीमा पनि त्रैमासिक रुपमा बस्न र तोकिएको कार्य जिम्मेवारी निर्वाहमा थप क्रियाशील हुन निर्देशन दिने ।<br>क) सुशासन तथा संस्थागत विकास समिति<br>ख) सामाजिक विकास समिति<br>ग) आर्थिक विकास समिति<br>घ) पूर्वाधार विकास समिति</td></tr>
</table>

| | |
|---|---|
| | ङ) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति |
| ५ | लिखु गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रमलाई अन्तिम रुप दिई गाउँसभाको १८ औं अधिवेशनमा पेश गर्ने । |
| ६ | क) चालु आ.व. को पारिश्रमिक कर्मचारी शीर्षकमा विनियोजित रकम मध्येबाट रु ७ लाख इन्धन कार्यालय प्रयोजन शीर्षकमा रकमान्तर गर्ने । |

ख) देहायका कार्यक्रमहरु देहाय बमोजिम संसोधन गर्ने ।

| साविक योजनाको नाम | रकम रु | संसोधित योजनाको नाम | रकम रु |
|---|---|---|---|
| वच्छलाटोल खापा लिखु ६ | १ लाख ५० हजार | बच्छलादेवी मन्दिर संरक्षण, लिखु ६ | २ लाख ५० हजार |
| ह्याकुलेटोल खापा निर्माण, लिखु ६ | १ लाख | | |
| बच्छला मावि सडक निर्माण, लिखु ६ | २ लाख | बच्छला मावि भवन भवन निर्माण, लिखु ६ | २ लाख |

ग) डिजिटल स्ट्यान्डी खरिदको भुक्तानी हुन बाँकी रकम रु ४९८,०००।०० विभिन्न विषयगत समिति, कार्यपालिका, विष्यगत समिति, परीक्षा सन्चालन समिति, खरिद मूल्यांकन समितको बैठक भत्ता शीर्षकबाट भुक्तानी दिने ।

घ) लिखु गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को ठेक्का नं. 3/Works/Road/LRM/2082/083 (जलदेवी क्षेत्रपाल जेभी) को म्याद २०८३ कार्तिक मसान्त सम्म थप गर्ने र सो को दायित्व आगामी आ.व. २०८३/०८४ को बजेटमा सुनिश्चित गर्ने ।

ङ) महिला भवन लिखु ४ निर्माण सुधारको लागि प्राविधिक लागत अनुमान गरी आवश्यक कार्य गर्ने ।

च) लिखु गाउँपालिकाबाट चालु आ.व. मा सन्चालित योजनाहरु (अनुसूची बमोजिम) सुपरिवेक्षण तथा अनुगमन समितिबाट अनुगमन भई भुक्तानी भएकोमा उक्त योजनाहरु फरफारक गर्ने ।

छ) लिखु गाउँपालिकाको योजना सुपरिवेक्षण तथा अनुगमन समितिको अनुगमन भत्ता चालु आ.व. को कन्टेन्जेन्सी शीर्षकबाट उपलब्ध गराउने ।

ज) देहायका कार्यक्रमहरुको लागि देहायका शीर्षकबाट रकम विनियोजन गर्ने ।

| क्र.सं | कार्यक्रमको नाम | रकम रु | बजेट स्रोत |
|---|---|---|---|
| १ | अपाङ्गता भएका व्यक्तिलाई उच्च शिक्षा अध्ययन सहायता | १ लाख | निजामति तथा संविधान दिवस |
| २ | एकल महिला क्षमता विकास कार्यक्रम | २ लाख | निजामति तथा संविधान दिवस |
| ३ | चक्रदेवी युवा क्लब खेलकुद सामाग्री खरिद, लिखु ३ | ३० हजार | अन्य भाडा |
| ४ | बगरबजार प्रतिक्षालय निर्माण, लिखु २ | २ लाख | कन्टेन्जेन्सी |
| ५ | थानसिंफाँट खापा आयोजना, लिखु ६ र ५ | २ लाख | कन्टेन्जेन्सी |
| ६ | कुनीखोला खानेपानी ट्यांकी, लिखु ४ | ४ लाख | अल्या रकम |
| ७ | काली पँधेरो देखि स्वास्थ्य चौकी जाने बाटो नाली निर्माण, लिखु ३ | ७५ हजार | ,, |
| ८ | [illegible] खानिगाउँ सडक हुँदै वडा नं १८३ को [illegible] तथा नाली व्यवस्थापन | ४ लाख | अल्या रकम |